मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २७ ◆ अङ्क : ३८ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ पुस ९ गते शुक्रवार (Friday, December 24. 2021) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

**कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा, झापाको जरुरी सूचना**

यस क्याम्पसको १३औं क्याम्पस सभाको उद्घाटन सत्र तथा ३२औं स्थापना दिवस विविध कार्यक्रमका साथ सम्पन्न गर्नका लागि क्याम्पस सभाका सम्पूर्ण सदस्यज्यूहरुलाई पत्र पठाइसकिएको छ ।

कुनै कारणवश पत्र प्राप्त नभएको भए यसै सूचनालाई आधारमानी २०७८ साल पुस १० गते शनिबार बिहान १०:३० बजे क्याम्पसमा उपस्थित भइदिनुहुन अनुरोध छ ।

क्याम्पस प्रमुख

## ०७९ फागुनभित्र सबै तहको निर्वाचन


### बैशाख २० गते ७५३ वटै स्थानीय तहको निर्वाचन गर्ने तयारी

**झापा, पुस ८ ।** सरकारले प्रतिनिधिसभातर्फ चार र प्रदेशसभातर्फ १८ गरी रिक्त रहेको २२ पदमा उपनिर्वाचन नगरी सिधै एकैपटक निर्वाचन गर्ने तयारी गरेको छ ।

उच्च स्रोतका अनुसार सरकारले एक वर्ष मात्रै अवधि रहेका कारण उपनिर्वाचन गरेर आर्थिक भार बढाउने भन्दा एकैपटक मूल निर्वाचनतर्फ नै केन्द्रित हुने नीति लिएको हो । सो विषयमा आयोगका पदाधिकारी पनि सहमत रहेका छन् ।

'कार्यकाल छोटो भएका कारण प्रतिनिधिसभा र प्रदेशसभाको उपनिर्वाचन सरकारले चाहेको छैन, २०७९ मंसीरसम्म मात्रै प्रतिनिधि सभाको अवधि छ, त्यस कारण सरकारको नीति एकैपटक निर्वाचनमा नै जाने भन्ने छ'- आयोग उच्च स्रोतले भन्यो ।

आयोगले २०७९ फागुनभित्र सबै प्रदेशको प्रदेशसभा, प्रतिनिधिसभा र राष्ट्रपति, उपराष्ट्रपति पदको निर्वाचन गर्न सरकारलाई सुझाइसकेको छ । निर्वाचन आयोगले राष्ट्रियसभातर्फ २० फागुनबाट रिक्त हुने १९ पदका लागि भने १२ माघमा निर्वाचन गर्ने तयारी गरिरहेको छ ।



आयोगले उपनिर्वाचनको तयारीका लागि कम्तीमा ९० दिनको समय आवश्यक पर्ने भन्दै सिधै निर्वाचनमा जानसमेत सरकारलाई सुझाएको स्रोत बताउँछ । त्यस कारण पनि आठ महिनाका लागि मात्रै सरकारले उपनिर्वाचन गर्न नचाहेको देखिन्छ । निर्वाचन कानूनमा भने प्रतिनिधिसभा र प्रदेशसभातर्फ सदस्यको पद रिक्त भएमा ६ महिनाभित्रै उपनिर्वाचन गर्नुपर्ने उल्लेख छ । कतिपय रिक्त पदका विषयमा सर्वोच्च अदालतमा मुद्दा विचाराधीन समेत छन् ।

५ जेठमा स्थानीय तहको वर्तमान निर्वाचित कार्यसमितिको पनि कार्यकाल सकिँदै छ । आयोगले स्थानीय तहको निर्वाचनका लागि भने २० वैशाखको मिति प्रस्ताव गरिसकेको छ ।

यसैबीच निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले अहिलेको जनप्रतिनिधिको पाँच वर्षे अवधि पूरा हुँदै गरेका कारण आगामी २०७९ साल वैशाख २० गते ७५३ वटै स्थानीय तहको निर्वाचन गर्ने तयारीमा आयोग जुटिरहेको बताएका छन् ।

स्थानीय सरकार रिक्त रहने विषय कल्पना समेत गर्न नसकिने र उनीहरुको अवधि थप गर्ने व्यवस्था अहिलेको मितिसम्म नभएका कारण वैशाखभित्र नै तोकिएको समयमा निर्वाचन गर्न आयोग गम्भीर रहेको उनले बताए ।

छिट्टै नै स्थानीय तहको निर्वाचनको मिति तय गर्नका निम्ति सरकार समक्ष सिफारिस गर्ने आयोगले तयारी गरिरहेको उनको भनाइ छ । त्यसपछि २०७९ फागुनभित्र सबै प्रदेशको प्रदेशसभा, प्रतिनिधिसभा र राष्ट्रपति,

(बाँकी अन्तिम पृष्ठमा)

## माओवादी प्रदेश कमिटीको नेतृत्व चयन



हर्कबहादुर नेम्वाङ



मणिकुमार साम्पाङ



गगन पुरी

**बिराटनगर, पुस ८ ।** नेकपा (माओवादी केन्द्र) प्रदेश नं. १ कमिटीको अध्यक्षमा हर्कबहादुर नेम्वाङ (मिक्सो)१६९ मत प्राप्त गरी विजयी भएका छन् ।

उनका प्रतिस्पर्धी मुक्साहाङ मेन्याङ्बोले ६४ मत प्राप्त गरेका थिए । अध्यक्ष पदमा ७ मत बदर भएको थियो । तीन जना उपाध्यक्षमा देवान चाम्लिङ, शिवकुमार डाँगी र मणिकुमार साम्पाङ विजयी भएका छन् । उनीहरुले क्रमशः १२०, ११३ र १११ मत प्राप्त गरेका छन् ।

यस्तै सचिवमा गणेश उप्रेती १४८ मत प्राप्त गरी विजयी भए भने उनका प्रतिद्वन्द्वी (सीपी कडरियाले ८३ मत प्राप्त गरे । तीन जना सहसचिव पदमा कुमारी राई ११४, सागर किराँती ७३ र ऋषिराम ढुङ्गाना ९५ मत प्राप्त गरी विजयी भएका छन् भने कोषाध्यक्षमा रेवतराज पुरी (गगन) ले ९३ मत प्राप्त गरी विजय हासिल गरे । उनका निकटतम् प्रतिस्पर्धी बन्दना झाँगडले ५७ मत प्राप्त गरेकी छिन् ।

नौ पदाधिकारीका लागि भएको निर्वाचन प्रक्रियामा २४० जनाले मतदान गरेका थिए भने २९ जनाको उम्मेदवारी परेको थियो । मतदान प्रक्रियामा १९ अनुपस्थित भएको निर्वाचन समितिले जनाएको छ । गत मंसीर २५ र २६ गते भएको प्रदेश अधिवेशनले २५९ जनाको कार्यसमिति सर्वसम्मतिले निर्वाचित गरेको थियो ।

## उर्लाबारीमा वडा थप्न दलहरू सहमत

**पथरीशनिश्चरे, पुस ८ ।** पूर्वी मोरङको उर्लाबारी नगरपालिकाको वडा संख्या थप गर्न सबै दलहरु सहमत भएका छन् ।

हाल कायम रहेका ९ वटा वडामा २ वडा थप गरी कूल ११ वटा वडा बनाउन लागिएको हो । उर्लाबारी नगरपालिकाको आयोजनामा बसेको सर्वदलीय बैठकमा वडा संख्या थप गर्ने सहमति जुटेको हो ।

नगर प्रमुख खड्ग फागोको अध्यक्षतामा सम्पन्न बैठकमा हाल ९ वटा वडा रहेको उर्लाबारीमा भूगोल र जनसंख्यालाई आधारमा अरू थप दुई वटासम्म वडा बढाउने निर्णय भएको हो ।

सोही क्रममा सोका लागि वडा-वडामा गएर छलफल चलाउने निर्णय समेत भएको छ । यसअघि राज्य पुनर्संरचना गरिँदा उर्लाबारी नगरपालिकामा तत्कालीन राजघाट गाविस र मधुमल्ला गाविसको वडा नं. ७, ८ र ९ मिसाएर यो नगरपालिका घोषणा गरिएको थियो ।





यसअघि मधुमल्लाबाट समायोजित हालको वडा नं. १को भूगोल ठूलो भएको र बीचमा बक्राहा खोलाका कारण विभिन्न समस्या उत्पन्न हुने गरेको छ भने तत्कालीन राजघाटलाई समायोजन गरी बनेको वडा नं. ८ र ९ को भूगोल पनि ठूलो हुँदा वडा संख्या बढाउने उद्देश्यले सर्वदलीय सहमति खोजिएको नगर प्रमुख फागोले बताए ।

अब बन्ने बडाको खाका अनुसार वडा नं. १को बक्राहा पश्चिमका भाग वडा नं. ४मा मिसाउने, वडा नं. ४को तल्लो भागलाई वडा नं. ८ मा मिसाएर राजघाटतर्फ वडा थप्ने विषयमा छलफल केन्द्रीत भएको थियो । सोही सन्दर्भमा वडा-वडामा छलफल गरी साझा धारणा बनाएर वडा थप गर्न प्रदेश हुँदै संघीय सरकारमा सिफारिस गर्ने प्रक्रियाको थालनी गर्ने पनि बैठकले निणर्य गरेको छ ।

वडा कायम हुनका लागि ६ हजार ४ सय जनसंख्या हुनुपर्ने प्रावधानलाई आत्मसात गर्दै दुई वडा थप गरी ११ वटासम्म बनाउन सकिने विषयमा छलफल भएको थियो । हाल पछिल्लो तथ्यांक अनुसार उर्लाबारीको ७५ हजार हाराहारीमा जनसंख्या रहेको बताइएको

(बाँकी अन्तिम पृष्ठमा)

## ९८ लाखले लगाए पूर्ण खोप

**झापा, पुस ८ ।** पछिल्लो २४ घण्टामा थप २ सय ९३ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ । यसै समयावधिमा २ सय ६३ जना कोरोना भाइरसबाट संक्रमणमुक्त भएका छन् ।

थप २ जनाको मृत्यु भएको छ । हालसम्म नेपालमा ८ लाख २६ हजार ६ सय ६४ जनामा पीसीआर र ९६ हजार ९२ जनामा एन्टीजेन विधिबाट संक्रमण पुष्टि भएको छ । संक्रमितमध्ये ८ लाख ९ हजार ९ सय २२ जना निको भइसकेका छन् । ११ हजार ५ सय ८१ जनाको मृत्यु भएको छ । पछिल्लो २४ घण्टामा ११ हजार ६ सय २६ जनाको नमूना परीक्षण गरिएको थियो । हाल सक्रिय संक्रमितको संख्या ५ हजार १ सय ६१ रहेको छ ।

हालसम्म नेपालमा ९८ लाख ३८ हजार ३ सय ७६ जनाले कोरोना भाइरसविरुद्धको पूर्ण खोप लगाएका छन् । नेपालमा ३ करोड ८५ लाख ३९ हजार ३ सय ६७ डोज खोप भित्रिएको छ । यसमध्ये २ करोड २५ लाख १० हजार ८ सय १८ डोज खोप लागीसकेको छ । १ करोड ६० लाख २८ हजार ५ सय ३९ डोज खोप विभिन्न स्वास्थ्य संस्थाहरूमा भण्डार एवम् सञ्चालनको अवस्थामा रहेको छ ।

## वैदेशिक व्यापार ६३%ले वृद्धि

**झापा, पुस ८ ।** चालू आर्थिक वर्षको पहिलो पाँच महिनामा मुलुकको वैदेशिक व्यापार ६३ दशमलव ५५ प्रतिशतले वृद्धि भएको छ ।

गत आवको शुरुको पाँच महिनामा रु. पाँच खर्ब ७५ अर्ब रहेको मुलुकको वैदेशिक व्यापार चालू आवको सोही अवधिमा रु. नौ खर्ब ४१ अर्ब पुगेको छ ।

भन्सार विभागद्वारा विहीवार जारी पछिल्लो तथ्याङ्कानुसार गत आवका तुलनामा आयात ५९ दशमलव ५५ प्रतिशतले बढेको छ । गत आवको पहिलो पाँच महिनामा रु. पाँच खर्ब २५ अर्ब मूल्य बराबरको आयात भएकामा चालू आवको मंसीर मसान्तसम्म रु. आठ खर्ब ३८ अर्ब पुगेको छ ।

त्यस्तै गत आवको पहिलो पाँच महिनाको तुलनामा चालू आवको निर्यात १०५ दशमलव ६१ प्रतिशतले बढेको छ । गत आवको मंसीर मसान्तसम्म रु. ५० अर्ब पाँच करोड बराबरको निर्यात भएकामा चालू आवको समीक्षा अवधिमा रु. एक खर्ब दुई अर्ब बराबरको निर्यात भएको छ ।

विभागका अनुसार चालू आवको पहिलो पाँच महिनासम्मको अवधिमा वैदेशिक व्यापारमा वृद्धि भए तापनि मुलुकको व्यापार घाटा भने अघिल्लो आवको तुलनामा ५४ दशमलव ७ प्रतिशतले बढेर रु सात खर्ब ३५ अर्ब पुगेको छ । गत आवको पहिलो पाँच महिनामा व्यापार घाटा रु चार खर्ब ७५ अर्ब थियो ।

मुलुकको कूल वैदेशिक व्यापारमा गत आवको पहिलो पाँच महिनासम्म आयातको हिस्सा ९१ दशमलव तीन प्रतिशत रहेकामा यस्तो हिस्सा दुई दशमलव ४५ प्रतिशतले घटेर चालू आवमा ८९ दशमलव ०७ प्रतिशतमा आएको छ ।

त्यस्तै वैदेशिक व्यापारमा निर्यातको हिस्सा २५ दशमलव ७२ प्रतिशतले बढेर १० दशमलव ९३ प्रतिशत पुगेको छ । यस्तो हिस्सा अघिल्लो आवको पहिलो पाँच महिनामा आठ दशमलव सात प्रतिशत थियो ।

(बाँकी अन्तिम पृष्ठमा)

## कुटपिटबाट श्रीमानको मृत्यु, श्रीमती पक्राउ

**सिरहा, पुस ८ ।** धनगढीमाई नगरपालिका-१४ मरान बस्ने ४० वर्षीय टेकबहादुर बिकको उनकै श्रीमतीको कुटपिटबाट बिहीबार राति मृत्यु भएको छ ।

आपसी बादबिबाद एवम् झगडामा उनकै श्रीमती ३५ वर्षीया हर्कमाया बिकले दाउराको चिर्पटले टाउकोमा हिर्काई गम्भीर घाइते भएका टेकबहादुरको उपचारको लागि आरके मेडिसिटी अस्पताल धनगढीतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो ।

उनको शव धनगढीमाई नगरपालिका-१३ भुल्लेस्थित टेकबहादुरकै भाइ बुद्धबहादुर बिकको घरमा राखिएको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय बिष्णुपुरकट्टी र इलाका प्रहरी कार्यालय लहानबाट खटिएको प्रहरीले हर्क मायालाई पक्राउ गरेको हो ।

**उदयशिल महिला बचत तथा ऋण सहकारी संस्था लि.**
**भद्रपुर रोड (बिर्तामोड, झापा)को**
**बजार प्रतिनिधि आवश्यकता**

यस सहकारी संस्थालाई निम्न स्थानका लागि बजार प्रतिनिधि चाहिएको हुनाले इच्छुकले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्रमा आवश्यक कागजातसहित सम्पर्क गर्नुहुन अनुरोध छ ।

**स्थान :** गरामनी क्षेत्र (१ जना), बिर्तामोड क्षेत्र (१ जना)
शनिश्चरे क्षेत्र (१ जना) चारपाने क्षेत्र (१ जना)
**योग्यता :** एसएलसी पास उमेर : १८ वर्षदेखि ३५ वर्षसम्म
**आवश्यक कागजात :** एसएलसी पास प्रमाणपत्र, नागरिकताको फोटोकपी, पासपोर्ट साइजको फोटो
**सम्पर्क : ०२३-५३२६७२(कार्यालय समयभित्र)**

**JOB OPPORTUNITY**

We are on the lookout for qualified, experienced and dynamic professionals for the subsequent positions.
1. Primary Coordinator
2. Computer Science Teacher
3. Nepali Teacher

**Requirements**
- Minimum Bachelor's Degree in related area, Master's preferred.
- Minimum 3 years of working experience in English Medium Schools.
- Well Versed in latest teaching pedagogy.
- Excellent communication and interpersonal skills.
- English language proficiency for all subjects, except Nepali.

Interested candidates can apply with a cover latter and an updated CV latest by 17th Poush, 2078 to the following address.
Only short-listed candidates will be called for the interview.

**Takshashila Education Foundation**
Birtamode-6, Ghantibari, Jhapa, Nepal
(Phone :- 023-543211, Mo.: 9841457199)



ADMISSION OPEN
BHM BIT BBA
UNLEASH YOUR POTENTIAL
BALMIKI LINCOLN COLLEGE
Contact. No. : 023-542373, 9815999988, Birtamode, Jhapa

**फ्ल्याट भाडामा**

आवास तथा कार्यालयका लागि व्यवस्थित पार्किङ एवम् सुरक्षित कम्पाउण्डवालसहितको घरमा फ्ल्याट खाली छ ।
बाल्मीकि स्कूलबाट ठीक उत्तर (दुर्गा पाञ्चायन टोल)
आवश्यक हुनेले तु-सम्पर्क गर्नुहोला ।
**मोबाइल नं. : ९८२३७२६९७९**

**होटल एण्ड लज बिक्री**

झापाको दमक-८ पशुहाटमा रहेको चालू अवस्थाको ग्रिन भिलेज होटल एण्ड लज सस्तो र सरल शर्तमा बिक्री या भाडामा छ । साथै होटल भएको घर, भिटा तथा जग्गासँग साट्ने इच्छुक व्यक्तिले पनि सम्पर्क गर्नुहोला ।
**सम्पर्क : ९७४६८७४३८८, ९८१[redacted]९८२५९५०२६३**


**बिर्तामोडमा मन्टेश्वरी ता[redacted]र्ना खुल्यो**

विगत १० वर्षदेखि मन्टेश्वरी तालिम सञ्चा[redacted]र ५००० भन्दा बढी तालिम पश्चात शिक्षण पेशामा आवद्ध भएको[redacted]चर मन्टेश्वरी ट्रेनिङ्ग सेन्टरमा विशेष छुटका साथ यही मिति २०[redacted]आइतबारबाट एक हप्ते, एक महिने तथा तीन महिने कोर्षमा [redacted]ानकारी गराइन्छ । इच्छुकले आजै सम्पर्क गरी मौकाको फाइदा[redacted]

*नोटः वेष्ट फ्युचर मन्टेश्वरी स्कूलमा १[redacted]वर्षसम्मका नानी-बाबुहरुका लागि Play Group मा भर्ना खु[redacted]गराइन्छ ।*

सम्पर्क फोन : ०२[redacted]
मो. ९८४९२५९७२९, ९८४१[redacted]१००७६०
Email : bestfuturemtc[redacted]m

# इशाको पहिरन कति धेरै खुला ?



बलिउड अभिनेत्री इशा गुप्ताले सामाजिक सञ्जालमा अत्यन्तै बोल्ड तस्वीरहरु शेयर गरेकी छिन् ।

उनको निकै कसिलो पहिरन निकै खुला पनि देखिएको छ । डीप नेकलाइन ड्रेसमा इशाले पछिल्लो पटक पर्पल रंगको ड्रेसमा तस्वीर शेयर गरेकी हुन् ।

इशा यसअघि पनि दुबईमा फर्मुला वन रेसमा ब्रालेस अवतारमा देखिएकी थिइन् । अहिले पनि इशाले ब्रालेस नै तस्वीर शेयर गरेकी हुन् ।

# नीता र विल्सनको 'आकासे खेती'

उदय सुब्बाको निर्देशनमा बनेको फिल्म 'आकासे खेती' को प्रदर्शन मिति घोषणा गरिएको छ ।

आउँदो फागुन २७ गतेलाई प्रदर्शन मिति तोक्दै बिहीवार सार्वजनिक गरिएको फस्टलुक पोष्टरमा फिल्मका कलाकारहरु गौरव पहारी, विल्सन विक्रम राई 'तक्मे बुढा', बुद्धि तामाङ 'हैट', नीता ढुङ्गाना, रवीन्द्र झा, शिशिर वाङ्देल लगायतलाई देख्न सकिन्छ ।

युवाहरुको विना मेहनत पैसा कमाउने सपना र तिब्बतियन शरणार्थीको विषयमा बनेको फिल्ममा रमा लिम्बू र जयनन्द लामाको पनि मुख्य भूमिका छ ।




केदार उप्रेती, जीवन सुब्बा, राजेन्द्र चोङ्वाङ, दीलप्रकाश याक्सो निर्माता रहेको फिल्मको कथा निर्देशक सुब्बाको हो । एसएस इन्टरनेशनल फिल्मस् र तक्मे प्रोडक्सनको ब्यानरमा बनेको फिल्मको संवाद विल्सन विक्रमले लेखेका हुन् ।

फिल्ममा बिक्रम डिसीको छायांकन, सुजन बडालको सम्पादन, राजु किरातीको द्वन्द्व, रामजी लामिछाने र राजिवको नृत्य, विकाश चौधरी र बादल लिम्बूको संगीत रहेको छ ।

# नवनिर्मित भवनको उद्घाटन

**झापा, पुस ८ ।** बिर्तामोड नगरपालिका ४मा रहेको अनारमनी आधारभूत विद्यालयको नवनिर्मित भवनको उद्घाटन गरिएको छ ।

नेपाल सरकारको १६ लाख रुपैयाँ र जिल्ला समन्वय समिति झापाको ८ लाख गरी २४ लाख रुपैयाँको लागतमा निर्मित २ कोठे भवनको बिर्तामोड नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गणेशप्रसाद दाहालले उद्घाटन गरेका छन् ।

यो सँगै विद्यालयमा आइसीटी कक्ष, खाजा घरको समेत उद्घाटन गरिएको छ भने बिद्यार्थीलाई टाई र बेल्ट बितरण गरिएको थियो । प्रधानाध्यापक टंक कटुवालका अनुसार कम्प्युटर कक्ष( आइसीटी) पाँच लाख रुपैयाँको लागतमा तयार गरिएको हो । बिर्तामोड नगरपालिकाको सहयोगमा आइसीटी कक्ष तयार भएको बताइएको छ ।

सहारा नेपालसँगको साझेदारीमा चार लाख रुपैयाँको लागतमा खाजा घर तयार गरिएको छ । सहारा नेपालको तर्फबाट दुई लाख रुपैयाँ र बिर्तामोड नगरपालिकाले दुई लाख रुपैयाँ प्रदान



गरेसँगै खाजा घर निर्माण गरिएको प्रधानाध्यापक कटुवालले बताए ।

कक्षा ७ सम्म अध्ययनरत् २६९ जना विद्यार्थीलाई विद्यालयकै स्रोतबाट टाई बेल्ट वितरण गरिएको हो । सोही समारोहमा विद्यालयमा अध्ययनरत् उत्कृष्ट बिद्यार्थीलाई पुरस्कृत गरिएको थियो भने खेल क्षेत्रमा उत्कृष्ट हुने सबै बिद्यार्थीलाई पुरस्कृत गरिएको थियो ।

कार्यक्रममा बिर्तामोड नगरपालिकाका नगर शिक्षा प्रमुख तिलचन भण्डारी, बिर्तामोड-४का वडाअध्यक्ष कुलप्रसाद संग्रौला लगायतले बोलेका थिए ।

विद्यालय व्यवस्थापन समिति अध्यक्ष मदन रसाइलीको अध्यक्षतामा भएको कार्यक्रममा प्रधानाध्यापक कटुवालले विद्यालय भवनको अभाव हुँदा अझै पनि चार वटा कक्षालाई संयुक्त रुपमा सञ्चालन गर्नु परेको भन्दै प्रमुख अतिथि प्रमुख प्रशासकीय अधिकृत दाहाल र शिक्षा शाखा प्रमुख भण्डारीको ध्यानाकर्षण गराएका थिए ।

अहिले सो विद्यालयमा कक्षा १ र २ को संयुक्त कक्षा सञ्चालित छ भने ३ र ४को समेत कक्षा कोठाको अभावमा संयुक्त कक्षा सञ्चालन भइरहेको कार्यक्रममा जानकारी गराइयो । कार्यक्रमको सञ्चालन तुलसा ओझाले गरेकी थिइन् ।

# ल्होसार गोल्डकप अन्तर्राष्ट्रिय महिला फुटबल पुस १०बाट

**बिर्तामोड, पुस ८ ।** प्राविधिक कारणले यही पुस ८ गतेदेखि हुने भनिएको तमू ल्होसार गोल्डकप अन्तर्राष्ट्रिय महिला नकआउट फुटबल प्रतियोगिता पुस १० गतेबाट हुने भएको छ ।

आयोजक बिर्तामोड फुटबल क्लबका अनुसार उद्घाटनको दिन आयोजक र भारत कालिम्पोङको श्री फुटबल क्लबबीच प्रतिस्पर्धा हुनेछ । त्यस्तै, दोस्रो दिन मोरङ पथरीशनिश्चरे महिला फुटबल क्लबले भारत सिलगढीको रोयल स्पोर्टिङ फुटबल क्लबको सामना गर्नेछ ।




पुस १२ गते उद्घाटन खेलको विजेतासँग धरान महिला फुटबल क्लब सुनसरीले खेल्नेछ । पुस १३ गते दोस्रो दिनको बिजेतासँग पाँचथरको सिंह सिद्धदेवी डोलो क्लब भिड्नेछ । प्रतियोगिताको फाइनल खेल तमू ल्होसारको दिन पुस १५ गते हुने अध्यक्ष डीके गुरुङले बताए ।

प्रतियोगिता डोमालाल राजवंशी रंगशालामा हुनेछ । दोस्रो संस्करणको प्रतियोगिताको बिजेताले एक लाख ११ हजार १ सय ११ रुपैयाँ, ट्रफी, मेडल र प्रमाणपत्र पाउने छ भने उपबिजेताले ५१ हजार १ सय ११ रुपैयाँ, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छ ।

गुरुङ समुदायको महान चाड तमू ल्होसारको अवसरमा २०७६ सालबाट प्रतियोगिता आयोजना हुँदै आएको छ । गतवर्ष भने कोभिडका कारण भएको लकडाउनले खेल प्रभावित भएको थियो ।

## बैदेशिक ...

चालू आवको पहिलो पाँच महिनामा मुलुकको वैदेशिक व्यापारमा प्रमुख हिस्सा ओगट्ने पेट्रोलियम पदार्थमध्ये सबैभन्दा बढी डिजेल आयात भएको विभागले जनाएको छ । चालू आवको मंसीर महिनासम्म रु. ४९ अर्ब दुई करोड बराबरको डिजेल आयात भएको देखिन्छ ।

त्यस्तै आयातमा भटमासको कच्चा तेल दोस्रोमा छ । नेपालमा व्यवसायीले विभिन्न मुलुकबाट भटमासको कच्चा तेल आयात गरी प्रशोधन गरेर पुनःनिर्यात गर्दै आएका छन् । चालू आवको पहिलो पाँच महिनामा रु. ३३ अर्ब ६६ करोड मूल्य बराबरको करिब ९८ करोड लिटरभन्दा बढी भटमासको तेल आयात भएको देखिन्छ । त्यस्तै पाम आयल रु २४ अर्ब ६१ करोड, पेट्रोल रु. २४ अर्ब १० करोड र एलपी ग्यास रु. २३ अर्ब ११ करोड तथा टेलिफोन रु. २० अर्ब ३५ करोडको आयात भएको विभागले जनाएको छ ।

त्यस्तै नेपालबाट निर्यात भएका वस्तुमध्ये भटमासको तेल सबैभन्दा धेरै देखिएको छ । विभागले सार्वजनिक गरेको पछिल्लो तथ्याङ्क अनुसार स्वदेशबाट रु. ३० अर्ब ५५ करोड बराबरको भटमासको तेल निर्यात भएको छ । व्यवसायीले भटमासको कच्चा पदार्थलाई विभिन्न मुलुकबाट आयात गरी प्रशोधन गरेर निर्यात गर्ने गरेकाले यहाँको वैदेशिक व्यापारमा भटमासको तेलले योगदान गरेको देखिन्छ । सबैभन्दा बढी निर्यात हुने वस्तुमध्ये पाम तेल पनि एक हो । भटमासको तेत जस्तै पाम तेल पनि कच्चापदार्थ आयात गरी प्रशोधनपश्चात् निर्यात हुने गरेको छ । सार्वजनिक विवरणानुसार चालू आवको पहिलो पाँच महिनासम्म रु. २७ अर्ब ४२ करोड मूल्य बराबरको पाम तेल निर्यात भएको छ ।

त्यस्तै रु. तीन अर्ब ७३ करोड बराबरको गलैंचा तथा रु. दुई अर्ब ६५ करोड मूल्य बराबरका जुटका बुनिएका तथा अन्य कपडा निर्यात भएको विभागको तथ्याङ्क छ । सार्वजनिक तथ्याङ्क अनुसार चालू आवको पहिलो पाँच महिनामा नेपालले भारतबाट करिब पाँच खर्ब तीन करोड मूल्य बराबरका वस्तु आयात गरेको देखिन्छ भने रु. ८४ अर्ब १५ करोड मूल्य बराबरको वस्तु निर्यात गरेको छ ।

सोअनुसार नेपालको व्यापार घाटा भारतसँग मात्रै रु. चार खर्ब १५ अर्बभन्दा धेरै रहेको देखिन्छ । त्यस्तै नेपालले चीनबाट रु. एक खर्ब २२ अर्ब मूल्य बराबरका वस्तु आयात गरेकामा रु. ३८ करोड १६ लाख मूल्य बराबरको वस्तु निर्यात गरेको देखिन्छ ।

विभागको विवरण अनुसार सबैभन्दा धेरै वीरगञ्ज नाकाबाट रु. दुई खर्ब ९० अर्बभन्दा बढी मूल्य बराबरको आयात भएको छ । त्यस्तै भैरहवा नाकाबाट रु. एक खर्ब ३६ र त्रिभुवन विमानस्थल नाकाबाट रु. एक खर्ब पाँच अर्बभन्दा बढी मूल्य बराबरका वस्तु आयात भएको देखिन्छ । नेपालले वीरगञ्ज भन्सारबाट रु. ४९ अर्ब ४१ करोड, विराटनगर भन्सारबाट रु. २८ अर्ब ५६ करोड तथा त्रिभुवन विमानस्थल नाकाबाट रु. १४ अर्ब ४१ करोडभन्दा बढी मूल्य बराबरका वस्तु विदेश निर्यात गरेको छ ।

## उर्लाबारीमा ...

छ । स्थानीय तहले वडा थप गर्न नगर सभाको दुई तिहाइले पारित गरी प्रदेश सरकारमा सिफारिस गर्नु पर्ने वर्तमान संविधानमा व्यवस्था रहेको छ । सोही अनुसार प्रदेश सरकारले संघीय सरकारमा निर्णय कार्यान्वयनका लागि पठाउँछ । उर्लाबारीमा नगर सभा र कार्यपालिका बैठकले यसअघि नै वडा थप गर्ने निर्णय गरेको थियो ।

उर्लाबारीमा रहेका क्रियाशील राजनीतिक दलका प्रमुखहरु नेकपा एमालेका नगर अध्यक्ष गंगा बास्तोला, नेपाली कांग्रेसका सभापति सुरेन्द्र लिम्बू, माओवादी केन्द्रका नगर अध्यक्ष गजेन्द्र दंगाल, नेकपा एसका अध्यक्ष डीवी थापा, राप्रपा अध्यक्ष देवीप्रसाद दाहाल, जसपा अध्यक्ष मात्रिका धिमाल, वडाध्यक्षहरु, नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत मुरारीप्रसाद घिमिरे, उर्लाबारी उद्योग वाणिज्य संघका अध्यक्ष शेरबहादुर भण्डारी, सञ्चार क्लब नेपालका अध्यक्ष नवराज भट्टराई लगायतको बैंठकमा उपस्थिति रहेको थियो ।

## ०७९ फागुनभित्र ...

उपराष्ट्रपति पदको निर्वाचन सम्पन्न गरेर नयाँ जनप्रतिनिधि तथा नयाँ नेतृत्व सुम्पने कार्यमा आयोग प्रवेश गरिसकेको उल्लेख गर्दै उनले त्यसका लागि निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र मितव्ययीरुपमा कार्य गर्न आयोगलाई सहयोग गर्न सञ्चारकर्मीलाई आग्रह गरे ।


यौन दुराचारी जहाँ पनि हुन सक्छन्
त्यस्ता दुराचारीबाट सजग र सचेत रहौं,
आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड



बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।



कर्मचारी चाहियो

बिर्तामोड अतिथि सदन रोडस्थित फ्रेस हाउसका लागि खसी/कुखुरा काट्न र बेच्न जान्ने कर्मचारी तु-चाहियो ।
सम्पर्क : ९८१७०७६०४६


## साधारणसभा हुने बारेको सूचना

यस संस्थाको १४औं बार्षिक साधारण सभा निम्न, मिति र समयमा हुने निश्चित भएको हुँदा सबै शेयर सदस्यहरुलाई पत्राचार गरिसकिएको छ । कुनै कारणवस प्राप्त नभएमा यसै सूचनालाई आधारमानी आफूसंग भएको परिचय-पत्र वा निमन्त्रणा पत्र अनिवार्य लिई साधारणसभामा उपस्थित भइदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

**तपसिल**

मितिः २०७८ पुस १० गते शनिवार
समयः विहान ठीक ११ बजे
स्थानः इन्द्रेणी पार्टी प्यालेस (पुरानो भद्रपुर रोड), बिर्तामोड, झापा

**समुन्नत बचत तथा ऋण सहकारी संस्था लि.,** बिर्तामोड-५, झापा (फोन नं. ०२३-५३५६५६)

## अर्जुनधारा जलेश्वरधाम ३९औं वार्षिक अनुष्ठानको आय-व्यय

| आम्दानी | | | खर्च | | |
|---|---|---|---|---|---|
| क्र.सं. | विवरण | रकम | क्र.सं. | विवरण | रकम |
| १ | भूमिदान | २०३७२५३।- | १. | बाँस पराल दाउरा | ४७,०६०।- |
| २ | सहयोग रसिद | ९९७६२३।- | २. | सरसफाई ज्याला | ४९,४२०।- |
| ३ | गंगा आरती | ७१,९००।- | ३. | छपाई | ३२,०००।- |
| ४ | गुरुकुल अक्षयकोष | १०११११।- | ४. | कार्यालय सामान, मसलन्द | १५,०४३।- |
| ५ | बजार | ११०६१०।- | ५. | आकाशे पुल खोल फिटिङ | ४७,०००।- |
| ६ | अन्य | १०१००।- | ६. | दक्षिणा (संगीतकार, गुरु, कर्मचारी) | २,३४,७७५।- |
| ७ | रमाइलो मेला | २,२०,०००।- | ७. | विद्युत | १,१०,०००।- |
| ८ | भेटी | २,५६,८८०।- | ८. | प्रचार-प्रसार | १०,७८०।- |
| ९ | चामल बिक्री | ५२,०००।- | ९. | खाद्य, महाप्रसाद वितरण | ३,०२,८९०।- |
| १० | धान बिक्री | ९५,८८०।- | १०. | साउण्ड सिस्टम | ९५,०००।- |
| ११ | अन्नदाता अक्षयकोष | २५,५२५।- | ११. | इन्धन, भाडा | ३२,१९८।- |
| १२ | पार्किङ | ११,५००।- | १२. | पण्डाल, गेट, सजावट | ३,०८,०००।- |
| १३ | महाप्रसाद | २,२०,४१५।- | १३. | सांस्कृतिक विभाग | १२,०००।- |
| | | | १४. | पूजा सामग्री | ९२,५९२।- |
| | | | १५. | पञ्चैबाजा | १०,०००।- |
| | | | १६. | बजार व्यवस्था (कल २ थान) | १५,६४५।- |
| | | | १७. | विविध खर्च | १५,५७५।- |
| | | | १८. | सिसि क्यामेरा जडान (भाडामा) | २०,०००।- |
| | | | १९. | | १४,४९,९७८।- |
| | | | २०. | बचत + | २७,६०,८१९।- |
| | | ४२,१०,७९७ | | | ४२,१०,७९७।- |

**मनोज जोशी : कोषाध्यक्ष** **शिवलाल खतिवडा : सचिव** **नवीन गट्टानी : अध्यक्ष**


होटल बिक्रीमा

बिर्तामोड-३ सैनिकमोडस्थित चालू अवस्थाको होटल विक्रीमा रहेकोले इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
मो. ९८०६०३३१५३, ९८२६९०३२५५



TEACHER WANTED

Post: Pre-Primary Teacher (Female)
Kid's Zone Montessori School,
Gajurmukhi tol, Birtamode-5, Jhapa (Contact: 023-534939, 9804998590, 9823437454)


## शिवसताक्षी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
ब्याङ्गडाँडा, झापा, प्रदेश नं. १
२०७३

## 'कनकाई माई धार्मिक मकर मेला व्यवस्थापन' ठेक्का सम्बन्धी सूचना

**प्रथमपटक प्रकाशित २०७८/०९/०९**

यस नगरपालिकाको मिति २०७८/०९/०५ गते वसेको नगर कार्यपालिका बैठकको निर्णय अनुसार यसपटक पनि २०७८/०९/२८ गते देखि मिति २०७८/१०/०२ गते सम्म कनकाई माई धार्मिक मकर मेला ठेक्का सम्झौताद्वारा लगाइने निर्णय भएको हुँदा ठेक्का लिन चाहने फर्महरुले सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र निम्न बमोजिमको शर्त बन्देजमा रही अनलाइन शिलवन्दी दरभाउपत्र खरिद गरी शिलवन्दी दरभाउपत्र पेश गर्नुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरुः

१) कनकाई माई धार्मिक मकर मेलाको न्यूनतम् कबोल अंकको १३ प्रतिशत भ्याटसहित रु. १०,००,१००।- (दश लाख एक सय मात्र) हुनेछ ।
२) शिलवन्दी दरभाउपत्र खरिदका लागि मिति २०७८/०९/१५ गते भित्र यस कार्यालयको मेगा बैंक नेपाल लिमिटेड शिवसताक्षी शाखामा रहेको ०१७००१००७४७४२ मा रु. १०००।०० जम्मा गरी वा नगदै राखी (फिर्ता नहुने गरी) शिलवन्दी दरभाउपत्र खरिद गरी सूचना प्रकाशन भएको मितिले ८ औं दिन (२०७८ पुस १६ गते) १२ वजे सम्ममा दरभाउ पत्र दर्ता गरि सक्नु पर्नेछ र सोही दिनको २:०० बजे खोलिने छ ।
३) फर्मको स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपि, आर्थिक वर्ष २०७८/७९ को मान्य अवधि भएको नवीकरण इजातजत पत्रको प्रतिलिपि, मूल्य अभिबृद्धि कर प्रमाणपत्रको प्रतिलिपि र आर्थिक वर्ष २०७७/७८ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि शिलवन्दी दरभाउपत्र सहित पेश गर्नुपर्नेछ ।
४) दरभाउपत्र पेश गर्दा कानूनी रुपमा भाग लिन पाउनेसहितको स्वयम् घोषणा पत्र वा अधिकार प्रत्यायोजनको पत्र समावेश हुनु पर्नेछ ।
५) दरभाउपत्रसाथ आफूले कबोल गरेको अंकको ५ प्रतिशत वा रु ५०,००५।०० (जुन बढी हुन्छ सो रकम मान्य हुने गरी) रकम धरौटी वापत यस कार्यालयको मेगा बैंक नेपाल लिमिटेड शिवसताक्षी शाखामा रहेको धरौटी खाता नं. ०१७००१००७४८४४ मा जम्मा भएको सक्कलै भौचर पेश गर्नु पर्नेछ ।
६) ठेक्का सम्बन्धी कुनै दस्तुर नेपाल सरकारलाई बुझाउनु परे ठेकेदार आफैले बुझाउनु पर्नेछ ।
७) दरभाउपत्र खोल्ने दिन दरभाउपत्र दाता वा प्रतिनिधि उपस्थित हुनुपर्नेछ, उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
८) ठेक्का बक्यौता भएका व्यक्तिले दरभाउ पत्र पेश गर्न पाउने छैन ।
९) मेलामा हुने शान्ति सुरक्षा लगायत अन्य प्रशासनिक खर्चहरु ठेकेदार आफैले व्यहोर्नु पर्नेछ ।
१०) ठेक्का वापतको रकम एकमुष्ठ बुझाउनु पर्नेछ ।
११) म्याद नाघी आएको दरभाउपत्रहरुलाई समावेश गरिने छैन ।
१२) ठेक्का स्वीकृत गर्ने नगर्ने अधिकार नगरपालिका कार्यालयमा सुरक्षित रहने छ ।
१३) उच्च जोखिमयुक्त खेल सञ्चालन गर्न, प्रचलित कानूनले निषेध गरिएका कार्य तथा गतिविधि गर्न पाइने छैन साथै जिल्ला प्रशासन कार्यालय झापाको मेला अनुमति पत्रमा लेखिएको शर्तहरु अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।
१४) स्वीकृत ठेकेदारले आफूले कबोल गरेको ठेक्का अंक बराबरको रकम शिवसताक्षी नगरपालिका कार्यालयमा आई नगदी रसिद काटी जम्मा गरेको सक्कल रसिद पेश गरेपछि मात्र ठेक्का संचालनको इजाजत दिइने छ । सो नबुझाएमा धरौटी वापतको रकम जफत गरी ऐन नियम बमोजिम हुनेछ ।
१५) मेलामा उठाइने पार्किङ शुल्क तथा वहाल विरौटी शुल्क नगपालिकाले तोकेको दररेट बमोजिम मात्र संकलन गर्न पाइने छ । सो सम्बन्धी विस्तृत विवरण बीड डकुमेण्टमा राखिएको छ ।
१६) माथि उल्लेखित वाहेकका विषयमा कानून वा नगरपालिकाको निर्णय अनुसार हुने छ ।
१७) यसमा उल्लेख हुन छुट भएका कुराको हकमा नगरपालिका तथा मेला समितिले तोके बमोजिम हुनेछ ।
१८) शिवसताक्षी नगरपालिकाको कार्यालयवाट दरभाउपत्र खरिद तथा पेश गर्नु पर्नेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

**सम्पादकीय**

# संयम र सहिष्णुताको खाँचो

**कुनै पनि देशको प्रगतिको आधार त्यहाँको राजनीति हो । राजनीति जनता र देशको जीवन र भविष्यसँग जोडिएको सेवाको पर्याय हो । त्यसैले राजनीतिकर्मी निस्वार्थी, निर्लोभी, निष्कलंकित, निर्भीक र उदारचित्त भएको हुनु पर्दछ । कुनै सिद्धान्तप्रतिको निष्ठा, आस्था र प्रतिबद्धतासँगै आम जनताको जीवनको रक्षा, उन्नति र राष्ट्रको स्वतन्त्र अस्तित्वप्रति संवेदनशील पनि हुनुपर्छ । विचार र आस्थाले कुनै दलको नजिक वा टाढा हुन पाइन्छ । तर, सार्वजनिक पदधारण गरेपछि आग्रह र पूर्वाग्रहबाट मुक्त हुनुपर्दछ । तर, यसकालमा नेपाली राजनीति भने त्यसका वाहक अर्थात् राजनीतिकर्मीहरुका व्यवहारका कारण अनिश्चित, अस्थिर र अनपेक्षित बनिँदै गएको छ ।**

**देशकै जेठो भनिने नेपाली कांग्रेसले नै आफ्नो महत्व, भूमिका र दायित्व बिर्सिएको अनुभूत गरिँदैछ । दलको विधान अनुसार समयमा आन्तरिक निर्वाचन नगर्ने, घोषित कार्यक्रम पटक–पटक सार्ने र निर्धारित समय आपसी विवादमै खर्चिने दलको परिचय बनाएको कांग्रेसले महाधिवेशनपछि मात्र २ नम्बर प्रदेशको निर्वाचन विवाद, कुटपिट र चरम् असन्तुष्टिकाबीच सम्पन्न गर्दैछ । प्रजातान्त्रिक पार्टी भएका कारण स्वस्थ प्रतिष्पर्धा गर्नु, विचारमा भिन्नता हुनु सामान्य अवस्था हो । तर, त्यही पार्टीमा निर्वाचनको परिणाम आइसक्दा समेत वैमनस्यता कायम रहनु दुर्भाग्यपूर्ण अवस्था हो । यस्तो मानसिकता र व्यवहार आफ्नो संगठनका लागि प्रत्युत्पादक हुन्छ–हुन्छ स्वयम्का लागि समेत घातक हुन्छ ।**

**मानिस जन्मिँदै स्वतन्त्र हुन्छ र मृत्युपर्यन्त स्वतन्त्र जीवन बाँच्न चाहन्छ । यस अर्थमा दलीय आस्थाको जीवन पनि स्वतन्त्र भएरै भोग्न खोज्नु मानवीय चेत हुनसक्छ, तर दलीय जीवन यसरी बाँच्दैन । निर्वाचनताका गुट–उपगुटमा विभक्त राजनीतिक जीवन परिणामसँगै एकाकार हुनुपर्ने दलीय आदर्श, मान्यता र चरित्र नै हो । तर, हामीकहाँ यस्तो मानसिकता हुर्किन सकेको छैन । संयम, सहिष्णु र धैर्य जस्ता गुण अनुभूत गर्न पाइएको छैन । राजनीतिक प्रणालीमा व्यापक परिवर्तन त आयो, तर त्यसलाई स्थायित्व प्रदान गर्ने, संस्थागत गर्ने र उच्च राजनीतिक चरित्र र व्यवहार प्रदर्शन गर्ने प्रतिबद्धता कतै पनि आएको छैन । आन्तरिक निर्वाचनको अनपेक्षित परिणाममा उच्च आदर्श प्रस्तुत गर्नुभन्दा त्यसैलाई वर्गशत्रु ठान्ने संकीर्णताले जरो गाड्दै गएको छ । यस्तो चरित्रले न दलको प्रतिष्ठा बचाउन सक्छ न त राजनीतिक निष्ठा र धर्मकै पालना नै हुन्छ । बरु यस्तो अमर्यादित व्यवहार, अहंकार, दम्भले प्राप्त गरेको उपलब्धी शून्यमा बिलाउने जोखिम बढाउँछ । यतातर्फ सम्बद्ध पक्ष र व्यक्तिले विचार पुऱ्याउन् ।**

# लिङ्देनले उठाएका मुद्दा पूरा होलान् ?





**कृष्णप्रसाद ढकाल**

२०७८ मंसीर १५ गते बुधबारबाट शुरु भएको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को एकता महाधिवेशन सकिएको छ। जसमा राजेन्द्रप्रसाद लिङ्देन उक्त राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को अध्यक्षमा निर्वाचित हुँदा युवा जगतले चाहेको पुस्तान्तरण सफल गराउँदै अन्य दलहरुका लागि उदाहरणका रुपमा उभिने सौभाग्य समेत जुरेको छ।

झापा मुलुकमै घाम देखिने पहिलो जिल्ला भएकैले यहीबाट युवा तथा पुस्तान्तरण नेतृत्वको उदय हुनु मुलुक र जनताका लागि सुखदायी बिषय बनेको छ। यहीबाट उत्पादित युवाको राजनीतिक र कुटनीतिक नेतृत्वदायी सफलता अगाडि भएको देखिन आयो, यसैबाट पनि झापा भाग्यशाली जिल्लाको रुपमा प्रस्तुत हुन पुगेको छ। फलस्वरुप अब लिङ्देनलाई परामर्श, सल्लाह, सहयोग, संरक्षण, सम्बर्द्धन र आवश्यकता अनुसारका सुझावहरु र विचारहरु समयानुसार दिएर सहयोग गर्नुपर्ने दायित्व पनि बढी मात्रामा झापालाई नै प्राप्त भएको छ। यो लेखक पनि राप्रपाका नवनिर्वाचित अध्यक्ष राजेन्द्रप्रसाद लिङ्देनलाई 'हार्दिक बधाई एवम् सफल कार्यकालको शुभकामना' अर्पण गर्न चाहन्छ।

संयोग हो, नेपाली कांग्रेसको आसन्न १४औं महाधिवेशनको उद्घाटन समारोहका अवसरमा निम्त्याइएका दलका नेताहरु मध्ये राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा)का नवनिर्वाचित अध्यक्ष राजेन्दप्रसाद लिङ्देनले आफ्नो शुभकामना मन्तव्यका क्रममा 'जनताले अचेल गाउँमा जाँदा नेतालाई कुन चोर आएछ भन्छन्' भन्ने अभिव्यक्ति पस्किदिएका थिए, जसले अनायासै चर्चा बटुल्न पुग्यो। उक्त समारोह मै उनीपछि बोल्ने अन्य दलका नेताहरुले लिङ्देनको अभिव्यक्तिलाई प्रतिवादको प्रक्रियामा अघि बढाइ दिए। सामाजिक सञ्जाल यसै बिषयले रुमल्लिइरह्यो, भरिइरह्यो, बाहिर जताततै यसै अभिव्यक्ति बारे चर्चा भइरह्यो। के अवस्था यस्तै हो त ?

मुख्यरुपमा यसतो हुने वातावरणका लागि दोषी अरुभन्दा पनि नेताहरु आफैं देखिन्छन्। उनीहरुले आफैंलाई नै भने जस्तो गरी प्रतिवादतर्फ अघि बढिदिएका कारणबाट नै बिषयले चर्चाको शिखर चुम्ने अवसर पाएको थियो। मुलुक र जनताको चरम गरिबीमा थोरै भए पनि पिडाबोध गर्न र देखाउन छाडेर भ्रष्टाचारको दल-दलमा रमाउन पल्केका कारण नेताहरुले आफैंमा अगुल्टो उछिट्टिएर आएको भैं गरेर प्रतिवादतर्फ उन्मूख भई दिँदा बिषयले बढी चर्चा बटुल्न सफल भएको भन्ने भनाई यत्रतत्र रहेको छ।

राप्रपा र राप्रपा संयुक्तबीच २०७६ फागुनमा भएको एकतापश्चातको यो पहिलो महाधिवेशनबाट एक सय ४९ सदस्यीय केन्द्रीय समिति निर्वाचन गर्न चार हजारभन्दा बढी प्रतिनिधिको सहभागिता रहेको थियो। जसमा विधान अनुसार ५० जना अध्यक्षले मनोनयन गर्नेछन्। राजेन्द्रप्रसाद लिङ्देन राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा)को अध्यक्षमा निर्वाचित भएको खबरले उनको पुर्ख्यौली थलो पाँचथरको हिलिहाङ, दोरम्बा र अमरपुरको गाउँबस्तीका मानिसहरुलाई उत्साहित गराएको छ। विद्यालय अध्ययन कै समयदेखि राजनीतिमा रुची बढाउँदै अघि बढेका राजेन्द्रले कम उमेरमै गोलधाप-३ को वडाध्यक्ष बन्न पुगे। राप्रपाको भातृ सङ्गठन राप्रवि संघको सस्थापक सभापति हुँदै २०६१ मा राजा ज्ञानेन्द्रको शासनकालमा झापा जिविसको सभापतिमा समेत मनोनयन भए।

इतिहासका पाना पल्टाउँदा एकपटक सहजताको लागि भनेर रुसी दूतावासले प्रधानमन्त्री डा. के.आई. सिंहलाई रुसी मर्सीडिजबेञ्च उपहार दिने प्रस्ताव गरेको थियो। तर, यस प्रस्तावले उनलाई लोभ्याउन सकेन, परनिर्भरता बृद्धि हुन सक्ने देखेर 'म गरीब जनताको प्रतिनिधि भएकाले यति महँगो गाडीमा कसरी चढ्न सक्छु र ?' (सच्चा, इमान्दार, राष्ट्रवादी नेता)। भनी विदेशी सहयोगको ठाडै इन्कार गरिदिएकाले नेता खेलाउन पल्केका वैदेशिक कुटनीतिज्ञहरु सतर्क हुन पुगे। नेताहरुमा यस्ता गुणहरु देख्न पाए जनता खुशी नै हुने थिए।

राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देन, एक साहसिक र निडर नेताका रुपमा उदाए। पाँचथरको हिलिहाङ गाउँपालिका अन्तर्गत अमरपुर गाउँ विकास समिति वडा नम्बर ३ दोरम्बामा घर भए पनि बुवा मानप्रसाद नेपाल प्रहरीका जागिरे भएकाले छिमेकी जिल्ला ताप्लेजुङको ढुंगेसाँगुमा रहेका बेला २०२२ सालमा उनको प्रादुर्भाव भयो। मानप्रसादका पाँच जना छोरा पाँच जना छोरीमध्ये राजेन्द्र नै जेठा हुन्। उनले मेची क्याम्पस भद्रपुरमा बिए सकेर त्रिभुवन विश्वविद्यालयमा एमएसम्मको अध्ययन गरिसकेका छन्।

'कठिन परिस्थितिमा पनि हिन्दू राज्य र संवैधानिक राजसस्थाका एजेण्डा नछोडेका कारण उनी गणतन्त्र पक्षधर अन्य पार्टीका नेता तथा कार्यकर्ताको निशानामा समेत परेका थिए, भनिन्छ। तर पनि हरेस खाएनन् आफ्नो अठोट र उद्देश्यलाई कहिल्यै कमजोर हुन दिएनन्। जसको परिणाम नै हो, लामो समयदेखि राप्रपाको नेतृत्व गरिरहेका कमल थापा जस्ता पदलोलुप व्यक्तिलाई पराजीत गर्दै अध्यक्ष बन्न पुगे। तर, यता कमल थापा भने पराजयलाई सहन गर्न नसकी अलापविलापतर्फ मुखरित हुन थालेका छन् भन्ने चर्चा चलेको पाइन्छ। केन्द्रीय अध्यक्षसम्म भएको व्यक्तिबाट यसप्रकारका हलुका टिप्पणीहरु असुहाउँदिला देखिएता पनि उनी यसै प्रक्रियामा लहसिएका देखिन्छन्। उनको भनाइमा- निर्मल निवासले पार्टीलाई रिमोट कन्ट्रोलबाट चलाए जसरी चलाउन खोजेको भन्ने आरोप छ। निर्मल निवासको यस योजनाका बारेमा अब राप्रपाभित्र बहस शुरु हुनेछ, लगायतका बिषय आफ्नो विज्ञप्तिमा उल्लेख गरे, थापाले निर्मल निवासले २०७४ सालदेखि नै राप्रपालाई फुटाउन खोजेको र भजन मण्डली खडा गरेर नेतृत्वको चरित्र हत्या गर्ने काम गरेको आरोप पनि लगाएका छन्।

पूर्व राजा शाहले दुब पक्षका मुख्य उम्मेद्वारलाई भेटका अवसरमा शुभेच्छा प्रकट गरेको भनिए पनि समर्थनको बिषय कतै उल्लेख गरेको पाइँदैन, भनिएको छ। कमल थापाले राजतन्त्रको नाममा राजनीतिक फाइदा लिँदै गणतन्त्रवादीसँग साँठगाँठ गरेको भन्ने जस्तो ठानेको देखिए पनि त्यसलाई कतै व्यक्त गरेको पाइँदैन। तर, निर्मल निवासले पनि जनताले आशा गरे अनुरुप पुरानो पुस्ताभन्दा नयाँ पुस्ता नै अघि बढोस् भन्ने इच्छा राखेको हुनसक्ने भनाइ छ। यद्यपि अध्यक्षका प्रतिस्पर्धी थापा र लिङ्देन दुबैले कार्यकर्ता माझ आफूलाई नै निर्मल निवासको समर्थन रहेको बताउँदै प्रचार-प्रसार गरिरहेको भन्ने भनाइ थियो, पनि भनिन्छ।

२०६३ को जनआन्दोलनमा राजालाई आफू गृहमन्त्री हुँदा परिवर्तनको सही सूचना नदिएर राजसस्थाप्रति गद्दारी गरेको आरोप त उनलाई छँदैछ। वास्तवमा राजसस्थाको नामबाट आफ्नो दुनो सोझ्याउन सधैँ उद्यत रहने यी व्यक्ति र यिनका विचारबाट जनता र राजसंस्था अब भने पूर्णरुपमा मुक्त भएको, बिषय हाल चर्चामा रहेको देखिन्छ। वास्तवमा पूर्वराजा शाह राप्रपाका नेताहरुसँग नै मात्र अल्झिरहन सक्ने अवस्थामा पनि देखिँदैनन्। किनकि राजसंस्था पुनर्स्थापनामा निरन्तर लागेका अभियन्ताहरुलाई र अन्य नेताहरुलाई पनि बराबर समय दिनुपर्ने भएकाले समयको महत्वलाई ध्यान दिँदा कमल थापाको आरोपमा सत्यता नरहेको आशय सबैले व्यक्त गर्ने गरेको देखिन्छ।

अन्त्यमा, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का नवनिर्वाचित अध्यक्ष राजेन्द्रप्रसाद लिङ्देनले उठाएका एजेण्डाहरु र विचारहरु- नेपाल सनातन हिन्दू राष्ट्र हुनुपर्ने, सांसदले मन्त्री बन्न नपाउने, जनताबाट नै सोझै निर्वाचित कार्यकारी प्रधानमन्त्री, भष्ट्राचार गर्नु आमाको रगत खाए बराबर हुने लगायतका धारणा, विश्वास र प्रणहरु अब कुनै पनि प्रकारले अलमलिन-खलबलिन नपाउन् अटल विश्वाससहितका अठोटहरु आगामी दिनहरुमा अझ सफल र सबल हुँदै अघि बढ्नु, अध्यक्षज्यूमा हार्दिक शुभकामना !

*krishnadhakal251@gmail.com*

## सपिङ्ग कम्प्लेक्स आयोजनाको लागि ऋण सम्झौता




**पथरीशनिश्चरे, पुस ८।** नगर विकास कोषको शहरी पूर्वाधार विकास आयोजना (युआइडी) अन्तर्गत पथरीशनिश्चरे नगरपालिकामा पथरीशनिश्चरे सपिङ्ग कम्प्लेक्स भवन आयोजना निर्माणका लागि ऋण सम्झौता सम्पन्न भएको छ।

पछिल्लो समय तीव्रगतिले शहरीकरण बढिरहँदा पथरीशनिश्चरे नगरपालिकामा व्यवस्थित शहरी विकासका पूर्वाधारहरु विस्तार र विकास गर्ने उद्देश्यले नगरपालिकाको वडा नं. १ मा करिब सात रोपनी क्षेत्रफलमा निर्माण हुने उक्त सपिङ्ग कम्प्लेक्स भवन निर्माणका लागि नगरपालिका र नगर विकास कोषबीच ऋण सम्झौता भएको हो।

कोषका कार्यकारी निर्देशक कृष्णप्रसाद सापकोटा र नगरपालिका प्रमुख दिलीपकुमार राईबीच रु. २० करोड १५ लाखको ऋण सम्झौतामा हस्ताक्षर भएको छ।

आयोजना निर्माणको कूल अनुमानित लागत २८ करोड ७८ लाख ६१ हजारको ७० प्रतिशत ऋण कोषको तर्फबाट र ३० प्रतिशत नगरपालिकाबाट व्यहोरिने सम्झौतामा उल्लेख छ।

## इलाममा आँखा अस्पताल

**इलाम, पुस ८।** इलाम नगरपालिकाले आँखा अस्पताल सञ्चालनमा ल्याएको छ।

स्थानीय सरकार सञ्चालन ऐनले दिएको अधिकार प्रयोग गरेर नगरपालिकाले सामुदायिक आँखा अस्पताल सञ्चालन र व्यवस्थापनका लागि छुट्टै कार्यविधि जारी गरी आँखा अस्पताल सञ्चालनमा ल्याएको हो।

स्थानीय तहले सञ्चालनमा ल्याएको सामुदायिक आँखा अस्पताल देशकै पहिलो अस्पताल भएको बताइएको छ। सामुदायिक आँखा अस्पताल निर्माणका लागि अघिल्लो आर्थिक वर्षमा इलाम नगरपालिकाले रकमान्तर गरेर रु. ५० लाख जुटाएको थियो।

चालू आर्थिक वर्षमा भने यसका लागि रु. एक करोड रकम विनियोजन भएको छ। विनियोजित रकम मध्ये रु. ५७ लाख ९० हजार खर्च भएको छ। त्यसमध्ये रु. ५३ लाख २४ हजार पुँजीगतमा र चार लाख ६५ हजार सञ्चालनमा खर्च भएको छ।

सामुदायिक आँखा अस्पतालमा अहिले शल्यक्रिया बाहेकको सेवा उपलब्ध छ। आँखाको जनरल ओपिडी, जनरल उपचार, सामान्य शल्यक्रिया, चश्मा बनाउनेलगायतका सेवा दिइनेछ। जिल्लामा आँखा अस्पताल नहुँदा आँखाका सामान्य बिरामीले पनि जिल्ला बाहिर गएर सेवा लिनुपर्ने अवस्था थियो।

अस्पतालमा सातौं तहको एक नेत्र विशेषज्ञ, पाँचौं तहका एक नेत्र सहायक, एक फार्मेसिष्ट र एक चश्मा बनाउने प्राविधिक राखिएको छ। आँखा अस्पताल सञ्चालनपछि जिल्लाका ग्रामीण भेगका बासिन्दालाई समेत सहज हुने भएको छ।

आँखा अस्पतालको सेवा प्रारम्भ भएको नगर उपप्रमुख सुशीला नेम्बाङले बताइन्। उनका अनुसार अस्पताल सञ्चालनमा आएपछि नगरपालिका र जिल्लाका अन्य स्थानीय तहका बासिन्दाले समेत सेवा लिन सक्नेछन्। अस्पतालको नगर प्रमुख महेश बस्नेत र उपप्रमुख सुशीला नेम्बाङले उद्घाटन गरेका थिए।

## लागूऔषध र भारतीय रुपैयाँसहित पाँच जना पक्राउ



**भद्रपुर, पुस ८।** सशस्त्र प्रहरीले दशगजाबाट लागूऔषध र भारतीय रुपैयाँसहित पाँच जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा मेचीनगर- १० बस्ने २६ वर्षीय अनुप राजवंशी, सोही ठाउँका २५ वर्षीय राजा उराव, पाँचथरको फिदिम-१ चौतारेडाँडा घर भई हाल बिर्तामोड बस्ने २७ वर्षीय सरोज लावती, २४ वर्षीय विवश खवास र २१ वर्षीय वीरबहादुर राई रहेको सशस्त्र प्रहरी बल नेपाल नम्बर २ गण झापाका डिएसपी प्रेमबहादुर भण्डारीले जानकारी दिए।

भारतबाट नेपालतर्फ आइरहेका उनीहरूलाई बिओपी काँकरभिट्टाबाट खटिएको सशस्त्रको टोलीले मेचीनगर- ६ कालीमन्दिरस्थित नेपाल भारत सीमा पिलर ८८-७ नजिकैबाट पक्राउ गरेको हो।

सशस्त्र प्रहरीले उनीहरुका साथबाट प्रतिबन्धित औषधि अल्प्राजोलम पाज ६३ चक्की, ९४ हजार आठ सय ६० भारतीय रुपैयाँ, चार सय ३० नेपाली रुपैयाँ र एउटा मोबाइल बरामद गरिएको डिएसपी भण्डारीले बताए।

पक्राउ परेका पाँचै जनालाई लागूऔषध र नगदसहित आवश्यक कारवाहीका लागि इलाका प्रहरी कार्यालय काँकरभिट्टा बुझाइसकेको जनाइएको छ।

## महिला हिंसा बढ्दो

**बिर्तामोड, पुस ८।** प्रदेश १ का सामाजिक विकास मन्त्री जयराम यादवले महिला हिंसाका घटना बढ्नु दुःखद् भएको बताउँदै बर्षेनि यो संख्या बढ्दै जानु चिन्ताको विषय भएको बताएका छन्।

सामाजिक विकास मन्त्रालयका आयोजनामा अल्पकालीन आश्रयस्थलहरुले प्रवाह गर्ने सेवासुविधाका सम्बन्धमा स्थानीय तहका उपप्रमुख र आश्रयस्थलहरुका संयोजकहरूबीच विराटनगरमा शुरु भएको समीक्षा तथा अन्तर्क्रिया कार्यक्रमको उद्घाटन गर्दै मन्त्री यादवले सो कुरा बताएका हुन्।

मन्त्री यादवले महिला हिंसाका घटना न्यूनीकरणका लागि गाउँ-गाउँमा सचेतना आवश्यक रहेकोमा जोड दिए। सामाजिक विकास मन्त्रालयसँगको समन्वयमा प्रदेश १ का १५ स्थानीय तहमा सञ्चालित अल्पकालीन आश्रयस्थलहरुले प्रवाह गर्ने सेवाका प्रभावकारिताका आधारमा अन्य स्थानीय तहहरूमा पनि कार्यक्रम सञ्चालन गरिने उनले बताए।

कार्यक्रममा सामाजिक विकास मन्त्रालय सामाजिक विकास महाशाखा प्रमुख दुर्गा भण्डारी बरालले मन्त्रालयले घरेलु तथा लैङ्गिक हिंसाबाट पीडित घरपरिवार तथा समाजमा रही जीवनयापन गर्न नसकिरहेका महिला तथा बालबालिकाहरूलाई लक्षित गरी दीर्घकालीन पुनस्थापना केन्द्र सञ्चालनमा ल्याएको बताइन्। कार्यक्रममा प्रदेश १ का उपसभामुख सरस्वती पोखरेल, प्रदेश सांसदहरू, सामाजिक विकास मन्त्रालयका सचिव कमलप्रसाद भट्टराई, स्थानीय तहका उपप्रमुखहरू, संरक्षण गृहका संयोजक लगायतको सहभागिता रहेको थियो।

## मौलिक हक सम्बन्धी कानूनी परामर्श

**पथरीशनिश्चरे, पुस ८।** मोरङको पथरीशनिश्चरे नगरपालिकाको वडा नं. ८ मा पाँच दिने कानूनी परामर्श तालिम सम्पन्न भएको छ।

नेपालको संविधान २०७२ र मौलिक हक अधिकार सम्बन्धी कानूनी परामर्श तालिम न्यायिक समितिको सहयोगमा सम्पन्न भएको हो। तालिमको समापनका अवसरमा नगर उपप्रमुख यमुना बिष्ट बाँस्तोलाले युवा पुस्तालाई कानूनका विषयमा सूसुचित गराउँदा आगामी पुस्तालाई न्यायका लागि सहज हुने बताइन्।

स्थानीय प्रभात सामुदायिक युवा क्लबको आयोजनामा सञ्चालित उक्त तालिमको नगरपालिकाका कानूनी सल्लाहकार अधिवक्ता दीपक राईले सहजीकरण गरेको क्लब अध्यक्ष नवीनजंग कार्कीले जानकारी दिए।

# माँ लक्ष्मीको आम्दानी एक करोडभन्दा बढी

**बिर्तामोड, पुस ८।** बिर्तामोड-४ स्थित माँ लक्ष्मी बचत तथा ऋण सहकारी संस्थाको १३औं साधारणसभामा विभिन्न व्यक्तिहरु पुरस्कृत भएका छन्।

संस्थाका अध्यक्ष घनश्याम चौधरीको अध्यक्षता तथा बिर्तामोड -४ का वडाध्यक्ष कुलप्रसाद संग्रौलाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा उपाध्यक्ष देवेन्द्रकुमार सिंहले स्वागत गरेका थिए। बिर्तामोड नगरपालिकाका सहकारी तथा सामाजिक विकास शाखा अधिकृत डिल्ली दाहालले शुभकामना मन्तव्य राखेको कार्यक्रममा अध्यक्ष चौधरीले वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए।

अध्यक्षद्वारा प्रस्तुत प्रतिवेदनमा संस्थाका शेयर सदस्य दुई हजार २५ जना, शेयर पुँजी एक करोड ८५ लाख ७५ हजार छ सय रुपैयाँ, निक्षेप संकलन ४३ करोड ९१ लाख ६५ हजार तीन सय ९१ रुपैयाँ, कर्जा लगानी ११ करोड ३९ लाख ७१ हजार छ सय ८५ रुपैयाँ, कर्जा असुली १० करोड ४८ लाख ७० हजार रुपैयाँ रहेको उल्लेख छ। त्यस्तै कूल आम्दानी एक करोड २३ लाख ३१ हजार पाँच सय १० रुपैयाँ १० पैसा, कूल खर्च एक करोड १८ लाख ४२ हजार एक सय ४४ रुपैयाँ ४२ पैसा, नाफा चार लाख ८९ हजार तीन सय ६५ रुपैयाँ ६३ पैसा, कारोबार १० करोड ९५ लाख ७० हजार चार सय ८२ रुपैयाँ ३६ पैसा रहेको प्रतिवेदनमा उल्लेख छ।

त्यस्तै शेयर सदस्यलाई दुर्घटना तथा उपचार खर्चको व्यवस्था, मनमोहन हस्पिटल र प्रधान डाइग्नोष्टिक एण्ड कान्तिपुर मेडिसिन सेन्टरमा उपचार सहुलियत कार्डको व्यवस्था, विपद् व्यवस्थापन तथा जोखिम राहत कोषको व्यवस्था, विषालु जीवजन्तुको टोकाइमा राहत, महिला शेयर सदस्यलाई सुत्केरी पोषणको व्यवस्था, सन्ध्याकालीन काउन्टरको व्यवस्था लगायत रहेको प्रतिवेदनमा उल्लेख छ।

कार्यक्रममा लेखा समितिका संयोजक रमेशकुमार खतिवडाले लेखा समितिको प्रतिवेदन र सचिव सञ्जयकुमार शर्माले वार्षिक नीति तथा कार्य योजना र बजेट प्रस्तुत गरेका थिए। कार्यक्रमको सञ्चालन सचिव सञ्जयकुमार शर्माले गरेको थिए। साधारणसभा पुस १० गते समापन गरिने संस्थाका अध्यक्ष चौधरीले बताए।

कार्यक्रममा उत्कृष्ट बचतकर्ता लक्ष्मैनदेवी चौधरी, मनोज चौधरी, जनार्दन साह, सन्तोष साह, अनन्तलाल महतो, घनश्याम चौधरी, देवेन्द्रकुमार सिंह, सुकुमार घोष, उत्तमकुमार राजवंशी, गौतम साह र असल ऋणी मुन्ना वछावत, रमेशकुमार खतिवडा, उदयशंकर साह, लालवावु साह, उपेन्द्र प्रधानलाई पुरस्कृत गरिएको व्यवस्थापक दीपक साफीले बताए।


## आवश्यकता

यस कम्पनीलाई कार्यालय सञ्चालन र शाखा विस्तारका लागि केही कर्मचारी आवश्यक परेको हुँदा इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला।

**पदः** P.R.O. / MR
**योग्यता :** SEE / +2, सो सरह
**तलबः** १५०००।–
**कागजातः** नागरिकताको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्र, पीपी साइजको फोटो ५ प्रति।

**सम्पर्कः ग्रीन मार्ट प्रा. लि.**
बिर्तामोड–५, झापा शनिश्चरेरोड
फोन : ९८६६६७२५७९, ९८२९३१८७३६

## हाम्रो सेफ्टी ट्यांकी तथा ढल सफाई

आधुनिक भ्याकुम सिस्टम भएको, प्रदेश नं. १ कै ठूलो सेफ्टी ट्यांकीबाट कनकाई, शिवसताक्षी, बिर्तामोड र मेचीनगर क्षेत्रमा सेवाका लागि सम्झनुहोस्।



**सम्पर्कः**
९८०८७०५२०६/९८६३९८३६६८
९८०७९३०७४०/९८४०४९८३५५

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।



**सम्पर्कः** ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई, बिर्तामोड-५, झापा

– भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झन्झट'
– हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक



**नारायणप्रसाद बाँस्तोला**
९८२५९२७४७७/९८०६०९०७८१
९८४९५०४७७१/९८४२६९५८८४

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

## गोदामसहित जग्गा भाडामा

बिर्तामोड नगरपालिका–१ खाद्य संस्था पूर्व कम्पाउण्डले घेरेको, महेन्द्र राजमार्गदेखि १ घडेरी छोडेर ५० मिटर उत्तरमा सबै कुराको व्यवस्था भएको, जुनसुकै पेशा, व्यवसाय गर्न मिल्ने जग्गासहितको गोदाम भाडामा रहेको छ। इच्छुक व्यक्तिहरुले सम्पर्क गर्नुहोला।

**मो. ९८२४०१२१२२, ९८४२६५६५७८**

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
**मो. ९८०३२५०४७२/९८०१३६४०९३**

## खुल्यो ! खुल्यो !! खुल्यो !!!

### पर्फेक्ट ट्रेनिङ्ग सेन्टरद्वारा




दक्ष प्रशिक्षकबाट सेक्युरिटी ट्रेनिङ्ग तथा ड्राइभिङ्ग ट्रेनिङ्ग
तालिम पश्चात रोजगारीको व्यवस्था साथै
विभिन्न ठाउँको लागि २० पुरुष र २० महिला सेक्युरिटी गार्ड आवश्यक भएकाले इच्छुकले तु–सम्पर्क गर्नुहोला।

**फोन** : ९८०४९०५३१३, ९८२५९३४०१७, ९८०४७७१५६८, ९८५२६९००८७
**स्थान** : सुगम पम्प दक्षिण, देवी कलेज जाने बाटो स्यालडाँगी

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अब घरको सेफ्टी ट्याङ्की राम्रो सस्तो र शुलभ तरिकाले गर्नु परेमा झापाको ठूलो सेफ्टी ट्याङ्कीबाट सेवा गर्ने मौका हामीलाई दिनुहोस्।




**सम्पर्कः ०२३–५५२६२०**
९८४२६५५७००, ९८०४९३८१००

## सेक्युरिटी गार्ड चाहियो

सिभिल तथा EX पुलिस, आर्मी
उमेर : २५–५५ वर्ष (महिला/पुरुष)
**सम्पर्क :**
**सेक्टवान सेक्युरिटी सर्भिस प्रा.लि.**
बिर्तामोड पश्चिम बस स्टेण्ड दक्षिण
फोन नं. ९८१७९२६३२२, ९८५२६४१७४०, ९८२४९८२२९६


## जिल्ला निर्वाचन कार्यालय

भद्रपुर, झापा

### मतदाता नामावली नाम दर्ता गर्न छुट भएका योग्य मतदाताहरुलाई मतदाता नामावलीमा नाम दर्ता गराउने जिल्ला निर्वाचन कार्यालय झापाको अत्यन्त जरुरी सूचना

निर्वाचन आयोगको निर्णय अनुसार झापा जिल्लाका १५ वटै स्थानीय तहहरुमा मतदाता नामावलीमा नाम दर्ता गर्न छुट भएका योग्य मतदाताहरुलाई लक्षित गरेर जिल्ला निर्वाचन कार्यालय झापाले मिति २०७८/०८/१७ गतेदेखि मतदाता नामावली नाम दर्ता टोली खटाउँदैछ। नाम दर्ता गर्न छुट भएका योग्य मतदाताहरुले तपशिल बमोजिमको मिति र स्थानमा तद्नुरुपको कागजातहरु लिई उपस्थिति हुनका लागि अनुरोध गरिन्छ।

**तपशिल**

| क्र.सं. | स्थानीय तहहरुको नाम | कार्यक्रम सञ्चालन हुने मिति | कार्यक्रम सञ्चालन हुने स्थान |
|---|---|---|---|
| १. | बिर्तामोड नपा, अर्जुनधारा नपा, हल्दिबारी गा.पा. कमल गा.पा., शिवसताक्षी नपा र कन्काई नपा | वि.सं. २०७८/०८/१७ गतेदेखि वि.सं. २०७८/०९/०२ सम्म | सम्बन्धित स्थानीय तहको कार्यालय |
| २. | मेचीनगर नपा, बुद्धशान्ति गा.पा., कचनकवल गा.पा., गौरादह नपा, झापा गा.पा., बाह्रदशी गा.पा. | वि.सं. २०७८/०९/०४ देखि २०७८/०९/१८ गतेसम्म | सम्बन्धित स्थानीय तहको कार्यालय |
| ३. | भद्रपुर न.पा. | निरन्तर दर्ता | जिल्ला निर्वाचन कार्यालय र जिल्ला प्रशासन कार्यालय भद्रपुर झापा |
| ४. | दमक न.पा. | निरन्तर दर्ता | इलाका प्रशासन कार्यालय दमक, झापा |
| ५. | गौरीगञ्ज गा.पा. | निरन्तर दर्ता | इलाका प्रशासन कार्यालय गौरीगञ्ज, झापा |

**आवश्यक कागजातहरु**
१. सम्बन्धित ठेगाना उल्लेख गरी जारी भएको नागरिकता भएमा– नेपाली नागरिकताको प्रमाणपत्र मात्र।
२. अन्यत्र ठेगाना उल्लेख गरी जारी भएको नागरिकता भएमा– नेपाली नागरिकताको प्रमाण पत्र र बसाइसराईको सक्कल प्रमाण पत्र।
३. विवाह गरेर आएका महिलाका लागि श्रीमान र श्रीमतीको नागरिकता तथा विवाह दर्ताको सक्कल प्रमाण पत्र।
द्रष्टव्यः बाहिर जिल्लाका योग्य मतदाताहरुको लागि सम्बन्धित जिल्लामै ठेगाना राखी नाम दर्ता गर्न चाहेमा जिल्ला निर्वाचन कार्यालय भद्रपुर झापामा मिति २०७८/०८/१७ देखि २०७८/०९/१८ सम्ममा सम्पर्क राख्नु होला।

**जिल्ला निर्वाचन कार्यालय** — **तुलसीकुमार नेपाल : जिल्ला निर्वाचन अधिकारी**


## UAE को SHARJAH TAXI मा नेपाली लाइसेन्स भएका ड्राइभरहरुलाई रोजगारको अवसर

कम्पनी : BAKMART CO.
LT No. 212236 — चलानी नं. ६०१३२६९७

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब | काम | खाना/बस्न | करार |
|---|---|---|---|---|---|---|
| १. | Packing Helper | 80 | 1200/- AED | ८ घण्टा २६ दिन | छ/छ | २ वर्ष |

कम्पनी : SHARJAH TAXI CO.



| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब | काम | खाना/बस्न | करार |
|---|---|---|---|---|---|---|
| १. | TAXI DRIVER | 100 | 1500/- AED | ८ घण्टा २६ दिन | छैन/छ | २ वर्ष |

नोटः फ्याक्ट्री हेल्परको खाना/बस्नसहित 1200/- AED ग्यारेन्टी गरिन्छ। ट्याक्सी ड्राइभरको हकमा पहिला गएकाहरुले 4000/- AED भन्दा बढी कमाई गरिरहेका छन्।

### यसको फाइनल अन्तरवार्ता यही पुस ९ गते शुक्रबार बिर्तामोडमा हुनेछ।

**सगुन ओभरसीज सर्भिसेज प्रा. लि. (सगुन होम)**
डिल्लीबजार, काठमाडौं (फोन सम्पर्क : ९८०८०७४५९८, ९८०३०७४४३९)

## डा. रामकुमार सिटौला

MBBS, (KU) MD Birhospital Nams
वरिष्ठ पेट, छाती, मुटु, मृगौला, कलेजो, सुगर तथा थाइराइट रोग विशेषज्ञ
प्रत्येक दिन २:00 बजेदेखि मेची अञ्चल अस्तालबाट

सम्पर्क : **कान्तिपुर मेडिसीन एण्ड प्रधान डाइजोनोस्टिक सेन्टर**
अदुवा पुल छेऊ बिर्तामोड (झापा), फोन : ०२३–५३२८४५

*नोटः यहाँ छाला, नाक, कान, घाँटी, बालरोग, हाडजोर्नी, नशा तथा मानसिक रोगको दैनिक सेवा उपलब्ध छ।*

## डा. सन्दिप चन्द्र श्रेष्ठ

**वरिष्ट फिजिसियन**
MBBS (KTM) KU. MD (JRRMMC)
वरिष्ट पेट, छाती, मुटु, मृगौला, कलेजो, सुगर तथा थाइराइड रोग विशेषज्ञ
**प्रत्येक दिन बिहान र बेलुका**

सम्पर्क : **सनसाइन मेडीसीन सेन्टर**
भद्रपुररोड, सानिमा बैंक अगाडि बिर्तामोड, (फोन नं.: ०२३–५३४१३२)

## सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

**बिर्तामोड सम्पर्क**
**राजुकुमार श्रेष्ठ**
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३–५४६००५




**दमक सम्पर्कः**
**देवी सिटौला**
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३–५३०१२३, ९८०३१५४६१९)

## ठाकुर पोलिक्लिनिकमा

### विशेषज्ञ डाक्टरहरुको दैनिक सेवा

| | | |
|---|---|---|
| **डा. पिताम्बर ठाकुर**<br>MBBS MD (TU) NMC 1914<br>Consultant Physician<br>समयः दैनिक बिहान ११–२ बजेसम्म, दिउँसो ४ बजेपछि | **डा. शम्भु नवल**<br>MBBS MS (TU/IOM)<br>Gold Medalist NMC 6724<br>Consultant General Lepeoscopic & Uro-Surgeon<br>समयः दैनिक बिहान ७–८ बजेसम्म | **डा. शशांकराज पोखरेल**<br>(MBBS) MD (Psychiatry) BPKIHS, Dharan<br>वरिष्ठ टाउको नसा तथा मानसिक रोग विशेषज्ञ<br>समयः प्रत्येक दिन दिउँसो ५ बजेपछि |
| **डा. लभराज लोहनी**<br>Fellowship Of Rheumatologist<br>(AIIMS, New Delhi) NMC 11300<br>MD Internal Medicine<br>(NAMS, Bir Hospital Kathmandu)<br>समयः प्रत्येक बिहान ७–९ बजेसम्म, साँझ ५–६ बजे | **डा. केशव ढकाल**<br>MBBS MD (BPKIHS) Dermatologist NMC 2910<br>वरिष्ठ छाला, कुष्ठ तथा यौन रोग विशेषज्ञ<br>समय : प्रत्येक दिन २ बजेपछि | **डा. विवेक रौनियार**<br>MBBS MD (Neuro Physician) NMC<br>वरिष्ठ ढाड, टाउको तथा नशा रोग विशेषज्ञ<br>समयः प्रत्येक शनिबार मध्यान्न १२ बजेपछि |
| **डा. केशव मण्डल**<br>MBBS (BPKIHS) NMC 13303<br>नवजात शिशु तथा बाल रोग विशेषज्ञ<br>समयः दैनिक बिहान ८–१० बजे र साँझ ५ बजेपछि | **डा. अरुण फुयाल**<br>MBBS MD (KUSMS) NMC 18337<br>Radiologist & Imaging<br>समयः दैनिक बिहान ७–८ बजेसम्म साँझ ५ बजेपछि | **डा. धीरज गिरी**<br>MBBS, MS (ENT)<br>वरिष्ठ नाक, कान, घाँटी रोग विशेषज्ञ<br>दैनिक सेवा |

यहाँ भिडियो एक्स-रे, डिजिटल X-Ray, ECG, इन्डोस्कोपी ओपिडी, आधुनिक प्याथोलोजी ल्याबको सेवा साथै अनुभवी डाक्टरहरुद्वारा उपचार गरिन्छ।

### विशेष छुटका साथ स्वास्थ्य जाँच सम्बन्धी सूचना

**डा. पिताम्बर ठाकुर**
MBBS, MD (TU) NMC-1914] Consultent Physician
ओ.पी.डी. ५०% छुट – पौष ४ गतेदेखि ७ गतेसम्म, ओ.पी.डी. २५% छुट– पौष ८ गतेदेखि १५ गतेसम्म
**सुगर टेस्ट र पिसाब जाँच निःशुल्क, *पुस १ गतेदेखि १५ गतेसम्म***
भिडियो एक्स–रे, इसीजी, एक्स–रे, प्याथालोजी सेवामा २५% छुट, पुस १ गतेदेखि १५ गतेसम्म

पश्चिम बस स्टेण्ड, बिर्तामोड–१, झापा, फोन नं. ०२३–५९०००८, ९८१७९६४७७१


## साधारण सभा सम्बन्धी सूचना

यो परोपकार तथा अनुसन्धान केन्दद्वारा सञ्चालित वृद्धाश्रमको १२औं साधारणसभा आगामी २०७८ साल पौष २४ गते शनिबारका दिन आश्रम परिसरमा सम्पन्न गर्ने निश्चित भएको हुँदा, यस आश्रमसँग सम्बन्धित विशिष्ट सदस्यज्यूहरु, आजीवन सदस्यज्यूहरु, साधारण सदस्यज्यूहरु, सल्लाहकार सदस्यज्यूहरुमा हार्दिक निमन्त्रण गर्दछौं।

साथै विश्वव्यापी रुपमा फैलिएको कोभिड–१९ र ओमिक्रोन समेतको प्रकोप कायमै रहेकोले ठूलो भिडभाड गर्न मनासिव नदेखिएको हुँदा, महामारीलाई मध्यनजर गर्दै आगामी पुष २१, २२ र २३ गते वृद्धाश्रामममा आउनु भई यहाँ राखिएको लेखा परीक्षण प्रतिवेदन, साधारणसभा, नीति कार्यक्रम प्रतिवेदन र अन्य कागजातहरु अध्ययन गर्नु भई आवश्यक रायसुझाव समेत राखी दिनु हुन विनम्र अनुरोध गरिन्छ।

**विक्रम मादेन : अध्यक्ष**
**वृद्धाश्रम**


## कर्मचारी आवश्यकता

यस नटराज एग्रो प्रा. लि.का लागि निम्न अनुसारका कर्मचारी आवश्यक परेकोले इच्छुकले तु–सम्पर्क गर्नुहोला।

**पद :** सेल्स मेन — **संख्या :** ३ जना
**योग्यता :** +२ पास
*सम्बन्धित काममा अनुभवीलाई प्राथमिकता दिइनेछ।*
**तलब :** आपसी समझदारीमा

**सम्पर्क :**
**उपकार ब्राण्ड**
नटराज एग्रो प्रा. लि.
शाखा कार्यालय बिर्तामोड
फोन नं. : ९८६२२७४४०५, ९८२०७१६११३




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क
९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
समय उत्तम सिद्ध भएर गएको छ, गुप्त अङ्गमा विशेष समस्या देखिन सक्छ, धार्मिक कार्यमा अभिरूची बढेर जानेछ, आय-आर्जनमा वृद्धि हुनेछ।

**बृष (इ, उ, ए, ओ, ब ा, बि, बु, बे, बो) -**
छोटो दूरीको यात्रा हुनेछ, पढाइ तथा लेखाइमा मन जानेछ, कुनै प्रतियोगितामा भाग लिने अवसर मिल्न सक्छ, मन हर्षित रहला।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
दिन राम्रो रहेको छ, धन लाभ होला, उत्तम भोजन प्राप्तिको योग छ, सन्तान सुख प्राप्ति होला, भाग्यले साथ दिनेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
व्यापार-व्यवसाय तथा पराक्रममा वृद्धि हुनेछ, शत्रुमाथि विजय प्राप्तिको योग छ, साथीभाइबाट सहयोग मिल्नेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
समय प्रभावशाली रहेको छ, सुखको अनुभूति गर्न पाइनेछ, मान-सम्मान बढेर जानेछ, इष्टमित्रहरूबाट भरपुर सहयोग पाउनुहुनेछ, मनमा आनन्द प्राप्ति होला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
मनमा सन्ताप बढेर जानेछ, खर्चको वृद्धि हुनेछ, पेट सम्बन्धी समस्याले सताउन सक्छ, बन्न लागेको काम बिग्रने सम्भावना छ।

**तुला ([redacted] ति, तु, ते) -**
समय [redacted]। शिर सम्बन्धी समस्याले सताउन
सक्छ, [redacted]था खर्चको सामना गर्नुपर्नेछ, मन
खिन्न [redacted]

**वृश्चिक[redacted]ने, नो, या, यि, यु) -**
व्यापार[redacted]तिको योग छ, धन लाभ प्राप्त हुन
सक्छ, [redacted] रहला, आय-आर्जनमा वृद्धि हुनेछ।

**धनु ([redacted] फा, ढ, भे) -**
बोलीको[redacted]गेको काम पनि बन्ने योग छ सुख
र आनन्[redacted]ले साथ दिनेछ, मन हर्षित रहला।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
स्वास्थ्यको विशेष ख्याल गर्नुपर्ने हुन्छ, शरीरमा आलश्यता पैदा हुन सक्छ, अनावश्यक खर्चले मन पिरोलिन सक्छ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
लामो दूरीको यात्राको सम्भावना छ, भाग्यले साथ दिनेछ, रोकिएका कामहरू सूचारू हुने दिन रहेको छ, आफन्तसँग भेटघाट हुने दिन रहेको छ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
स्वास्थ्यले त्यति राम्रो साथ दिएन, खानपानमा विशेष ध्यान दिनुपर्छ, नयाँ कामको थालनी नगरेकै राम्रो शत्रुहरू जुर्मुराउन सक्छन्।